दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ८७ | बुटवल | २०८१ चैत ११, गते सोमबार | नेपाल संवत ११४५ | Monday Mar. 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

पानीका स्रोतको संरक्षण गरौं।
-वन सम्पदाको संरक्षण गरौं।
-खुला ठाउँमा वृक्षरोपण गरौं।
-इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं।
-भूमिगत पानीको दोहन नगरौं।
-पानीका स्रोतको संरक्षणबारे जनचेतना अभिवृद्धि गरौं।
-खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं।
नेपाल सरकार विज्ञापन बोर्ड

# लोभलाग्दो मकै खेती



बुटवल उप-महानगरपालिकाको वडा नं. १४ मोतीगञ्जमा गरिएको मकै खेती। मोतीगञ्जलाई बुटवल उप-महानगरले मकै पकेट क्षेत्र घोषणा गरी किसानलाई प्रोत्साहन गरेको छ। गाउँका किसान यादव पराजुलीले १३ कठ्ठामा करिब डेढ लाख रुपैयाँको मकै फलाएर बेचेको बताए।
तस्विर : टिआर शर्मा

## राजावादीहरूले जनतामा भ्रम छरे : पोखरेल



बुटवल। नेकपा एमालेका महासचिव शंकर पोखरेलले राजतन्त्र र पञ्चायत नै ठीक थियो भन्ने तर्क मूर्खहरूले पनि नगर्ने टिप्पणी गरेका छन्।

प्रेस चौतारीको १०औं राष्ट्रिय महाधिवेशन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले राजावादीहरूले जनतामा भ्रम छरेर कुप्रचार गरिरहेको आरोप लगाए।

जन्मको आधारमा शासन गर्ने कुरा आजको आधुनिक समाजमा किमार्थ स्वीकार्य नहुने महासचिव पोखरेलले बताए। पोखरेलले लोकतन्त्र खतरामा परे जनताले दुख पाउने बताएका छन्। 'लोकतन्त्र खतरामा पऱ्यो भने दुख पाउनेमा तपाईं हामी पर्दछौँ। मलाई थाहा छ-नेपालमा राजतन्त्र फर्काउने सपना किमार्थ पूरा हुन सक्दैन।'- उनले भने।

उनले राजावादीहरूको प्रदर्शन संगठित शक्तिहरूको आडमा भइरहेको पनि दाबी गरे। उनीहरूले नै राजा आइहाल्छन् भनेर भड्काउने काम गरिरहेको पोखरेलको दाबी छ।

उनले राजा ल्याउँछु भन्नेहरूलाई संविधान संशोधन गर्ने हिम्मत छ भन्दै प्रश्न गरे।

समाजको चुनौती राजनीतिक अस्थिरता भएको उनको भनाइ छ। अहिले कांग्रेस-एमाले स्थायीत्वका लागि मिलेको पनि पोखरेलले दाबी गरे।

संविधान संशोधनका लागि कांग्रेस-एमालेले हतार नगरेको र राष्ट्रियसभामा दुई तिहाइ कुरेर बसेको उनले बताए।

हरेक दलबाट पाँचपाँच जनाको संयन्त्र बनाएर स्थायीत्व खोज्न सहमत भएर काम गरिरहेको उनले बताए।

## ओलीको निर्देशनविरुद्ध हस्ताक्षर संकलन



विराटनगर। नेकपा एमाले निकट पत्रकारहरुको संगठन प्रेस चौतारी नेपालको नेतृत्वका लागि निर्वाचन माग गर्दै महाधिवेशन प्रतिनिधिले हस्ताक्षर संकलन सुरु गरेका छन्। आइतबारबाट विराटनगरमा सुरु भएको १०औं राष्ट्रिय महाधिवेशन परिसरमा प्रतिनिधिले नयाँ नेतृत्वका लागि निर्वाचन माग्दै हस्ताक्षर अभियान सुरु गरेका हुन्।

प्रेस चौतारीको अध्यक्ष सर्वसम्मत रुपमा गणेश पाण्डेलाई बनाउन एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले निर्देशन दिएको समाचार सार्वजनिक भएसँगै चौतारीमा दुई धार देखिएको हो। पाण्डे वर्तमान उपाध्यक्ष हुन्। अर्का उपाध्यक्ष राजेश राई पनि अध्यक्षको दाबेदार हुन्। दुवैले उम्मेदवारी घोषणा गरिसकेका छन्।

९औं महाधिवेशनमा राई र पाण्डे दुवै अध्यक्षको दाबेदार थिए। त्यसबेला गणेश बस्नेत नै दाहोरिएपछि राई र पाण्डे उपाध्यक्ष नै बसेका थिए। १०औं महाधिवेशनअघि पाण्डेलाई एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभाग सचिवको जिम्मेवारी दिइएको थियो।

पाण्डेलाई सचिवको जिम्मेवारी दिएपछि राई स्वभाविक अध्यक्षको एकल दाबेदारका रुपचा प्रचार गरिएका थिए। तर, फागुन २८ गते सचिवमा मनोनीत भएका पाण्डेले चौतारीको अध्यक्ष उठ्ने भन्दै चैत ८ गते सचिवबाट राजीनामा दिए। एमाले अध्यक्ष ओलीले पाण्डेलाई अध्यक्ष र आफ्नै जिल्ला झापाका चेतन अधिकारीलाई महासचिव बनाउन निर्देशन दिएको नेताहरु बताउँछन्। महाधिवेशनको २ दिनअघि पाण्डेले प्रचार विभागको सचिवबाट राजीनामा दिएका थिए।

केन्द्रको निर्देशन चौतारीमा लाद्न खोजेको भन्दै प्रतिनिधिहरुले अध्यक्ष ओलीको निर्देशनविरुद्ध हस्ताक्षर अभियान संकलन गरेका हुन्। प्रतिनिधिहरुले निर्वाचनमार्फत् नेतृत्व छान्न पाउनु पर्ने माग राखेका छन्।

महाधिवेशनका प्रतिनिधि किशोर बुढाथोकीले नेतृत्व छनोटमा प्रतिनिधिले आफ्नो मत राख्न पाउनुपर्ने बताए। केन्द्रको निर्देशन लाद्न खोजेपछि हस्ताक्षर अभियान सुरु गरेको उनले बताए।

## बाटो खन्दा सुक्यो माछा पोखरी, लाखौंको क्षति



**राधिका भुसाल**
*प्यूठान*

प्यूठान नगरपालिका १ खैरामा रहेको माछा पोखरी सुक्दा लाखौको क्षति भएको छ। खैरादेखि सारीवाङ जोड्ने मोटरबाटो निर्माण गर्ने क्रममा सिँचाइ कुलोमा माटो फालेर पानी आउन बन्द भएको थियो।

पटक-पटक अनुरोध गर्दा समेत सिँचाइ कुलो सुचारु नगर्दिएपछि करिब ४ क्वीन्टल बढी माछाहरु पोखरीमै मरेको झिमरुक मत्स्यपालन तथा एकीकृत कृषि फर्म सञ्चालन भोजबहादुर बस्नेतले बताए। 'फागुन २ गतेदेखि सिँचाइ कुलो बन्द भएको थियो,' बस्नेतले भने-'बाटो निर्माण गर्ने ठेकेदार, कुलोको उपभोक्ता समिति, सडक डिभिजन कार्यालयलगायतका धेरै ठाउँमा निवेदनसहित पुगे, तर कतैबाट पनि मेरो गुनासोको सुनुवाइ भएन।' पछिल्लो एक हप्तादेखि माछा मर्न थालेको उनले बताए।

चार वटा माछा पोखरी सुकेर माछाहरु मरिसकेको हुँदा चार लाख बढीको क्षति भएको उनले बताउँछन्। बस्नेतले किलोको चार सय पचासदेखि पाँच सय पचाससम्म माछाहरु बिक्री गर्दै आएका थिए। दुईवटा पोखरीमा जेनतेन पानीको जोहो गरेर अहिलेसम्म माछालाई जीवित राखेको बताउँदै अझैं केही दिन सिँचाइ कुलो सुचारु नभएमा माछाको बिउ समेत बचाउन नसक्ने उनी बताउँछन्। वडा कार्यालयले एक महिना कुलो बन्द भनि सूचना टाँसेको थियो। यदि वडा कार्यालयले टाँसेको सूचनाअनुसार नै सिँचाइ कुलो सुचारु भएको भए कुनै प्रकारको क्षति नहुने उनको भनाइ छ।

उनको माछा फर्म प्यूठान जिल्लाकै ठूलो फर्म हो। हाल ५६ रोपनी जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गर्दै आएको बस्नेतले बताए। विशेषगरी माछा पालनलाई प्राथमिकतामा राखेको हुँदा ४२ रोपनी जमिनमा माछा पोखरी बनाएको उनले सुनाउँछन्।

किसानले वैकल्पिक बाटो नरोज्दा क्षति भएको बाटो निर्माण व्यवस्थापन समितिका अध्यक्ष जगत पोखरेलले बताए। वडा कार्यालयले सूचना टाँसेर एक महिनाका लागि कुलो बन्द हुने जानकारी गराएको बताउँदै किसानले पनि वैकल्पिक बाटो रोजेको भए उचित हुने बताउँछन्। करिब १४ वर्षअघिदेखि बाटो निर्माण योजनाको लागि पहल गरे पनि चालु आर्थिक वर्षमा बाटो निर्माण गर्न थालिएको उनको भनाइ छ।

उक्त योजनाको काम इन्सिका कन्ट्रक्सन प्रा.लि.ले २०८२ जेठ मसान्तभित्र सम्पन्न गर्ने गरी सडक डिभिजनसँग सम्झौता गरेको प्रा.लि. का सञ्चालक चिन्तबहादुर केसीले बताए। फागुनको दुई गतेदेखि बाटो खन्न सुरुवात गरेको बताउँदै माछा पोखरीमा यहि कुलो चल्छ भन्ने थाहा नभएको उनी बताउँछन्। चैत्र मसान्तभित्रै सिँचाइ कुलो सुचारु गरिने उनको भनाइ छ।

## तिलोत्तमा गोल्ड कप : एपीएफ र चर्च ब्वायज सेमिफाइनलमा

» समाचार ४ पेजमा

हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना



श्री रुमाखर गौतम

लुम्बिनी ट्रक ब्यवसायी सघंको छठौं अधिबेशनबाट युवा यातायात ब्यवसायी रुमाखर गौतम अध्यक्षतामा ,सघंको वरिष्ठ उपाध्यक्षमा मधुसुदन आचार्य, प्रथम उपाध्यक्षमा अमित थापा, उपाध्यक्षमा झबिन्द्र बहादुर चोखाल ,महासचिवमा बालकिशुन गुप्ता बानियां, सचिवमा लिला प्रसाद श्रेष्ठ ,कोषाध्यक्षमा रबिन खरेल तथा सदस्यहरु रासबिहारी जैसवाल, युवराज क्षेत्री, अकलेस अग्रहरी ,एकनारायण पाण्डे ,अमितकुमार चौधरी ,जगदिश प्रसाद चौधरी र बैजनाथ यादव निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्तगर्दछौ।

खिमबहादुर थापा
महासचिव

एंव

टिकाराम गौतम
अध्यक्ष

पश्चिमाञ्चल यातायात ब्यबसायी समिति
प्रधान कार्यालय बुटवल रूपन्देही, परिवार

# सम्पादकीय

## घर जग्गा व्यवसायीका माग र राज्यको भूमिका

घर जग्गाको कारोबारको व्यवसाय संसारका जुनसुकै देशमा हुने व्यवसाय हो । विश्वका धनाढ्यहरु अधिकांशको पृष्ठभूमि जग्गा वा हाउजिङ कारोबार हुने गरेको विश्वव्यापी तथ्यांकले देखाउँछ । नेपालमा पनि २०६२-६३ को जनआन्दोलनपछि घर जग्गाको कारोबार अस्वभाविकरुपमा वृद्धि भयो । कारोबार बढ्नुका साथै अप्राकृतिक ढंगले मूल्यवृद्धि गरेर किनबेच भयो। एउटै जग्गा दिनमा दुई तीन पटकसम्म बैना भए। त्यसरी अप्राकृतिक बढी मूल्य कायम गरेर खरिद बिक्री भएका जग्गा केही वर्षपछि बिक्री हुन निकै कम भयो। जसले गर्दा जग्गाधनी व्यक्ति मात्र होइन बैंकिङ प्रणाली र समग्र अर्थतन्त्रमा असर गरेको छ। त्यति बेला अप्राकृतिक ढंगले अचाक्ली बढी मूल्य कायम गरेर धितो मूल्याङ्कन गरेर कर्जा प्रवाह गर्दा बैंकहरु पनि चुकेकै हुन् । उनीहरुले गल्ती गरेकै हुन्। भू उपयोगसम्बन्धी राज्यको स्पष्ट र वैज्ञानिक कानुन अभावमा उर्बर खेतीयोग्य जग्गाको प्लटिङ जथाभावी ढंगले भयो । बैंकहरुले पनि जथाभावी जग्गामा लगानी गरे । जब जग्गाको कारोबारमा मन्दी छायो, त्यसको असर अहिलेसम्म पनि बैंकहरु र समग्र अर्थतन्त्रमा परेकै छ।

तर अब विगतको कमजोरीबाट पाठ सिकेर घर जग्गाको कारोबारमा वैज्ञानिक नीति बनाएर व्यवस्थित र मर्यादित बनाउन जरुरी छ भने बैंकहरुले लगानी गर्दा धेरै विचार पुऱ्याउन आवश्यक छ। जग्गामा पुँजीगत लाभकर र रजिष्ट्रेसन शुल्क बढी भयो, यसलाई घटाउन पर्छ भन्ने व्यवसायीको माग छ। यस्तै मूल्याङ्कन रकम कम भयो यसलाई बढाउने हो भने कारोबारमा वृद्धि भई राजस्व बढ्ने र अर्थतन्त्र चलायमान हुने व्यवसायीको तर्क छ। व्यवसायीका यी मागबारे सरकारले विज्ञहरुसँग छलफल गरेर माग सम्बोधन गर्नुपर्छ। तर सबैभन्दा महत्वपूर्ण विषय अब खेतीयोग्य जग्गालाई उचित कारण विना घडेरी बनाएर व्यवसायिक प्रयोजनले बिक्री गर्ने परिपाटीलाई कडाइका साथ रोक्नै पर्छ। जनसंख्या दिनहुँ बढ्दो छ, तर जग्गाको क्षेत्रफल बढ्न सक्दैन। भावी पुस्तालाई खाद्य संकटबाट जोगाउन अहिल्यै जग्गाको उपयोगसम्बन्धी दीर्घकालीन नीति र कानुन बनाउनुपर्छ। सीमित व्यवसायीलाई फाइदा हुने गरी नीति र कानुन कदापी बनाउनु हुँदैन। अब खेती नहुने बन्जर जग्गाहरुमा मात्रै बस्ती विकास गर्ने नीति राज्यले लिनुपर्छ।

घर जग्गाको सरकारी मूल्याङ्कन दर अति न्यून भएको तर कारोबार महँगोमा हुने भएकाले राज्यको राजस्व गुमेको छ। मूल्याङ्कन रकम वैज्ञानिक हुने गरी वृद्धि गर्न आवश्यक छ । यसले घर जग्गाको कारबोर वृद्धि हुन्छ र राज्यको राजस्व आम्दानी पनि बढ्छ। अन्तर्राष्ट्रिय जगतमा घर जग्गा कारोबारलाई सम्मानित व्यवसाय र उद्योगको रुपमा मान्यता दिइएको, तर नेपालमा नकारात्मक दृष्टिले हेर्ने गरिएकाले सरकारले निजी क्षेत्रमार्फत् एकीकृत बस्ती विकासको स्पष्ट नीति बनाउनुपर्ने आवश्यकता छ। यसतर्फ सरकारको बेलैमा ध्यान जाओस्। बालुवा मात्र भएको देश दुबईले आफूलाई रियल स्टेटको माध्यमबाट धेरै विकास गऱ्यो, अहिले धेरै देशले दुबईको नक्कल गर्दैछन्। त्यसैले विशेषगरी बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर यस आसपासका शहरलाई जोडेर विश्वकै आकर्षक शान्ति शहर बनाउने दिशामा घर जग्गा व्यवसायी र सरकारबिच छलफल र सहकार्य जरूरी छ।

## विद्यार्थीलाई वित्तीय शिक्षा सिकाउँदै गरिमा बैंक

**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

स्याङ्जाका शैक्षिक संस्थाहरुमा गरिमा विकास बैंकले विद्यार्थीहरुलाई वित्तिय शिक्षा प्रदान गरेको छ। बैंकको सामाजिक उत्तरदायित्व बहन गर्ने उद्देश्यले जिल्लाका विभिन्न शैक्षिक संस्थाहरुका विद्यार्थीहरुलाई वित्तीय साक्षरता प्रदान गरेको हो। जिल्लाका ९ ओटा शाखाले पायक पर्ने शैक्षिक संस्थाहरुमा बैंकले ग्लोबल मनि विईकको अवसर पारेर बैकिङ् शिक्षा प्रदान गरेको बैंकले जनाएको छ। कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थीहरुलाई बैंकिङ विषयका बारेमा जानकारी दिने उदेश्यले यो अभियान चलाउँदै आएको गरिमा विकास बैंक क्षेत्रिय कार्यालय वालिङका प्रमुख लेखनाथ भट्टराईले बताए।

'पछिल्लो समय प्रविधिमार्फत् बैंकिङ कारोबार गर्ने बढ्न थालेका छन्,' भट्टराईले भने-'डिजिटल प्रविधिबाट ठगिनेक्रम पनि बढ्न थालेपछि वित्तीय साक्षरताले घटाउने छ, वित्तीय साक्षरताले डिजिटल प्रविधिका फाइदा र बेफाइदाका विषयमा विद्यार्थीलाई सिकाउने गर्छौं।' विद्यार्थीहरुलाई आर्थिक अनुसाशन, शेयर मार्केट, डिमेट खाताका बारेमा समेत जानकारी दिइने गरेको प्रमुख भट्टराईले बताए। स्याङ्जा जिल्लाबाट स्थापना भएर राष्ट्रियस्तरको विकास बैंक हुन पुगेको गरिमाले वित्तीय साक्षरतासँगै अन्य सामाजिक उत्तरदायित्वमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यो आर्थिक वर्षमा स्याङ्जामा विभिन्न शैक्षिक संस्थाहरुका ४ सयभन्दा बढी विद्यार्थी वित्तीय सचेतना कार्यक्रममा सहभागी भएको गरिमा विकास बैंक शाखा वालिङका प्रमुख प्रेमनारायण अर्यालले जानकारी दिए। 'अबका युवा युवती वित्तिय सुचकका बारेमा जान्न आवश्यक छ,' अर्यालले भने-'जसले डिजिटल प्रविधिमा खेल्न र सिक्न मद्धत पुग्ने छ, आर्थिक गतिविधिमा विद्यार्थीकाल बाटै कारोवार गर्न सहज हुने देखिन्छ।' वित्तीय गतिविधि थाहा नपाउँदा धेरै युवायुवतीहरु ठगिने, आर्थिक कारोबारमा अनुशासन नहुने जस्ता घट्नाहरु बढेका छन्। बैंकहरुले दिएको वित्तिय शिक्षाले यस्ता विबषयहरुलाई न्यूनीकरण गर्न सहज हुने विश्वास अर्यालको छ।

बैंकले दिँदै आएको वित्तीय शिक्षा क्लासमा विद्यार्थीहरुले निकै चासोका साथ सुन्ने र सिक्न खोजेको वित्तीय संस्थाहरुले जनाएका छन्। यो अभियानले वित्तीय शिक्षाको महत्वबारे जागरण ल्याउने र वित्तीय सचेतना अभिवृद्धिमा सहयोग पुग्ने गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत माधव आचार्य बताउँछन्।

स्याङ्जा जिल्ला मात्रै नभएर गरिमा विकास बैंकको शाखा पुगेको प्रत्येक जिल्लामा यो अभियान जारी रहेको आचार्यको भनाइ छ। अबका सबै युवायुवतीलाई बैंकिङ प्रणालीमा जोडिएर कारोबार गर्दा आर्थिक अनुशासित हुन्छ भन्ने सन्देश दिन पनि बैंकले हरेक विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको उनले बताए।

### पीएम कप क्रिकेटः

## आर्मी, एपीएफ र सुदूरपश्चिमको जित

भैरहवा। लुम्बिनी प्रदेशमा जारी प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा आइतबार भएका तीन खेलमा त्रिभुवन आर्मी क्लब, नेपाल एपीएफ क्लब र सुदूरपश्चिम प्रदेशले जित हात पारेका छन्।

रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा आर्मीले लुम्बिनी प्रदेशलाई १ सय ३१ रनको फराकिलो अन्तरले पराजित गर्दै फाइनल पुग्ने सम्भावनालाई बलियो बनाएको हो।

जितसँगै आर्मीले ८ खेलमध्ये ७ मा जित निकाल्दै १४ अंक जोडेको छ। आर्मी अब लिग चरणको अन्तिम खेलमा शीर्ष स्थानमा रहेको नेपाल पुलिस क्लबसँग खेल्नेछ। पुलिस ७ खेलमा नै अपराजित रहँदै १४ अंकसहित अंक तालिकाको शीर्ष स्थानमा छ।

लुम्बिनीको भने फाइनल सम्भावना सकिएको छ। लुम्बिनी ८ खेलमध्ये ४ मा जित निकाल्दै ८ अंक छ भने अंक तालिकामा पाँचौ स्थानमा छ। लुम्बिनी अब लिगचरणमा एक खेल खेल्न बाँकी छ। टस जितेर पहिले ब्याटिङ गरेको आर्मी ४९.२ ओभरमा २ सय ४३ रनमा अलआउट भयो। आर्मीका लागि बसिर अहमदले ६ चौकाका मद्दतमा सर्वाधिक ८६ रन बनाए। यस्तै, भीम सार्कीले ४४, तृतराज दासले ३१ र कुशल मल्लले १७ रन बनाए। बलिङमा लुम्बिनीका अजय चौहानले ४, कृष्ण कार्की, निर्मल गुरुङ, रमेश कुर्मी, विप्रशन केसी, नर सार्की र कप्तान देव खनालले समान १-१ विकेट लिए।

आर्मीले दिएको २ सय ४४ रनको लक्ष्य पछ्याएको लुम्बिनी २७.१ ओभरमा १ सय १२ रन बनाउँदा अलआउट भयो। उसका लागि कप्तान देव खनालले सबैभन्दा बढी ३७ रन जोड्दा अरु ब्याटर सस्तैमा आउट भए। मनिष थापा र विप्रशन केसीले १३-१३, नर सार्कीले १२ र निर्मल गुरुङले १० रन बनाए। बलिङमा आर्मीका साहब आलमले ४, नरेन साउदले २ तथा बसिर अहम्मद, सोमपाल कामी, आकाश चन्द र नरेन साउदले १-१ विकेट लिए।

यस्तै, रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा एपीएफले गण्डकी प्रदेशलाई ३१ रनले पराजित गर्दै अंक तालिकाको तेस्रो स्थानमा रहँदै फाइनल सम्भावना कायमै राखेको छ। अन्तिम दुई खेलअघि एपीएफको १० अंक छ। शीर्ष स्थानको नेपाल पुलिस क्लबको अन्तिम दुई खेलअघि १४ अंक छ। एक खेल खेल्न बाँकी रहेको दोस्रो स्थानको त्रिभुवन आर्मी क्लबको पनि १४ अंक छ।

अब एपीएफलाई फाइनलमा स्थान बनाउन आर्मीले अन्तिम खेल गुमाउँदा आफूले बाँकी रहेका दुवै खेल जित्न पर्नेछ। पुलिसले अन्तिम दुई खेल गुमाएर आफूले दुवै खेल जिते पनि एपीएफको फाइनल सम्भावना हुनेछ।

टस हारेर ब्याटिङको निम्तो पाएको एपीएफ ४९.२ ओभरमा २५८ रनमा अलआउट भयो। एपीएफका लागि ओपनिङ ब्याटर आशिफ शेखले ८० रन बनाए। उनले ७४ बलमा १० चौका र १ छक्का प्रहार गरे।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

खडानन्द् भण्डारीको नाति, चिन्तामणी भण्डारीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला सत्यवती गाँउपालिका वडा नं. ०६ बस्ने विष्णु प्रसाद भण्डारीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४०८५ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०७/२५ मा निज खातावाला विष्णु प्रसाद भण्डारीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने विष्णु कला भण्डारीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक विष्णु प्रसाद भण्डारीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्तखाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :– ०७९–५२१०२९
फ्याक्सः– ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

टामलाल पाण्डेको छोरी, टीकाराम भण्डारीको छोरा बुहारी, कलाधर भण्डारीको श्रीमती लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला छत्रदेव गाँउपालिका वडा नं. ०७ बस्ने धनकली भण्डारीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३००७ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०८/२०मा निजखातावाला धनकली भण्डारीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतककी छोरा नाता पर्ने ठाकुर प्रसाद भण्डारीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक धनकली भण्डारीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :– ०७९–५२१०२९
फ्याक्सः– ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

लक्षुमन क्षेत्रीको छोरी, छबिलाल कुंवर क्षेत्रीको छोरा बुहारी, यम वहादुर कुंवर भन्ने प्रेमलाल क्षेत्रीको श्रीमती लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला मालारानी गाँउपालिका वडा नं. ०२ बस्ने यमदेवी क्षेत्री कुंवरले यस शाखामा बचत खाता नं. २०९१५२४०३०५०५५ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०२/२५ मा निज खातावाला यमदेवी क्षेत्री कुंवरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने विक्रम के.सी.ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक यमदेवी क्षेत्री कुंवरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :– ०७९–५२१०२९
फ्याक्सः– ०७९–५२११९४

Gandaki ProvincialGovernment
Ministry of Physical InfrastructureDevelopment and Transport Management
Infrastructure Development Directorate
**Infrastructure Development Office**
Nawalaparasi (BardaghatSusta East)

# Invitation for Bids

Date of publication: 2081-12-11 BS

Infrastructure Development Office, Nawalparasi (BardaghatSusta East) invites online bidsonlyunder e-procurement system from eligible bidders for the construction of Projects mentioned below underNational Competitive Bidding/ Sealed EnvelopeSingle Stage Single Envelopeprocedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and PS ) (NRs.) | Bid Document fee | Last date of bid submission | Bid Security (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | SPM tole Ilaka Praharikaralya dekhi Woda no 5 ko simana samma dubai tarfa dhal balbebas thapan sahid sadak maramttatha Namaste marga starunnati , Gaindakot 2 | IDO-NAW(BSE)-W-NCB-39-2081/82(re2) | 25,33,612.48 | 3000 | 2081-12-27 12:00 PM | 65,000 |
| 2 | Birendra Aadharbhut Bidhya layadekhi Kori Jane Sadak, Gaindakot | IDO-NAW(BSE)-W-NCB-41-2081/82(re2) | 25,27,589.21 | 3000 | 2081-12-27 12:00 PM | 65,000 |
| 3 | Faram chautara marga nala nirman ko faram sahait kalo patre,Devchuli 17 | IDO-NAW(BSE)-W-NCB-43-2081/82(re2) | 25,29,745.45 | 3000 | 2081-12-27 12:00 PM | 65,000 |
| 4 | Maskipashal-paschim dok khola sadak Devchuli-9, Nawalpur | IDO-NAW(BSE)-W-SQ-03-2081/82(re2) | 12,65,067.09 | 1000 | 2081-12-27 12:00 PM | 33,000 |
| 5 | Raikaghat Aamdanda Raudi Deurali Byagan Krishi Sadak, Boudikali 4 | IDO-NAW(BSE)-W-SQ-07-2081/82(re) | 16,87,569.50 | 1000 | 2081-12-27 12:00 PM | 50,000 |
| 6 | Aamarapuri belbas Barhakoul Sadak (karmagat) Gaidakot 15 | IDO-NAW(BSE)-W-NCB-59-2081/82 | 25,32,570.21 | 3000 | 2082-01-10 12:00 PM | 65,000 |

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:-Rastriya Banijya Bank Ltd.
Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi( BardaghatSusta East)
Office Code no. :- 3370146014
Office Account no(Rajaswa).: - 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229

# नवलपरासीमा ६ महिनामा २ सय एक जना क्षयरोगी नयाँ बिरामी फेला

**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासी जिल्लामा ६ महिनामा २ सय एक जना क्षयरोगीका नयाँ बिरामी फेला परेका छन् । जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीले विभिन्न समय परीक्षण गर्दा साउनदेखि पुससम्म २ सय दुई जना क्षयरोगी नयाँ बिरामी फेला परेको हो । आइतबार परासीमा स्वास्थ्य कार्यालय र रामग्राम नगरपालिकाको संयुक्त आयोजना विश्व क्षयरोग दिवसको अवसरमा सरोकारवारलाहरुसँगको अन्तरक्रिया कार्यक्रमा जनाइएको हो ।

जिल्लामा ६१ वटा संस्थाबाट परीक्षण गर्दा उक्त बिरामी फेला परेको स्वास्थ्य कार्यालय नवलपरासीका जनस्वास्थ्य अधिृकत जोन मोहम्मद पाठनले जानकारी दिए । उनको अनुसार आर्थिक बर्ष २०८०/०८१मा पाँच सय १९ क्षयरोगी बिरामी फेला परेको जानकारी दिए । यस आर्थिक वर्ष २०८१/०८२मा सबैभन्दा रामग्राम नगरपालिका ४३ जना क्षयरोगी बिरामी, बर्दघाट नगरपालिकामा ४२ जना, सुनवल नगरपालिकामा ३३ जना सरावल गाउँपालिकामा २७ पाल्हीनन्दन गाउँपालिकामा २४ जना, प्रतापपुरमा १७ जना र सुस्ता गाउँपालिकामा १५ जना क्षयरोगी बिरामी भेटिएको स्वास्थ्य कार्यालय नवलपरासीका प्रमुख भेषराज शर्माले जानकारी दिए ।

उनको अनुसार गत वर्ष २०८० ।०८१मा रामग्राम नगरपालिका ८६ जना क्षयरोगी बिरामी, बर्दघाट नगरपालिकामा एक सय जना, सुनवल नगरपालिकामा एक सय १३ जना, सरावल गाउँपालिकामा ५९ पाल्हीनन्दन गाउँपालिकामा ५८ जना, प्रतापपुरमा ६० जना र सुस्ता गाउँपालिकामा ५३ जना क्षयरोगी बिरामी भेटिएका हुन् ।

## माइग्रेसन हराएको सूचना

मेरो निम्न विवरणको माइग्रेसन सर्टिफिकेट मिति २०८१/११/१६ गते अन्य कागजातहरूसँगै पाल्पा रामपुरदेखि बुटवल आउँदै गर्दा हराएकोहुँदा कहि कसैले भेटाएमा नजिकको प्रहरी कार्यालय वा ९८५६०५०६३३ मा सम्पर्क गरिदिनुहोला ।

नामः **प्रतिक गैह्रे**
रजिष्ट्रेशन नं.: ७५४७३११८९
सि.नं.: P०२१०४९९

## कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### नवलपरासी

## कार्यालय सामाग्री तथा मशलन्द सरसफाइका सामान खरिद गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८१।११।१३**
**दोस्रो पटक प्रकाशित मितिः- २०८१/१२/११**

कावासोती नगरपालिकाले चालु आर्थिक वर्षको लागि कार्यालय सामाग्री तथा मशलन्द सरसफाइका सामान खरिद गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक कम्पनी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.kawasotimun.gov.np मार्फत लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ।

| क्र.सं. | विवरण | शिलबन्दी खरिद रकम | शिलबन्दी जमानत रकम | विड बण्ड मान्य हुने अवधि | दरभाउपत्र खरिदको अन्तिम मिति र समय | शिलबन्दी बुझाउने अन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय सामाग्री तथा मशलन्द सरसफाइका सामान खरिद | १०००/- | ४४८७१/- | ९० दिन | २०८१/१२/२५ कार्यालय समयभित्र | २०८१/१२/२६ गते दिनको १२ :०० बजे | २०८१/१२/२६ गते दिनको २: ०० बजे |

नोटः दरभाउपत्र खरिदको लागि यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखा रहेको आन्तरिक राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा बुझाएको भौचर वा कार्यालयको राजश्व शाखामा बुझाएको सक्कल रसिद/लगायत निवेदन र कागजपत्रहरु सहित आउनु पर्ने छ र शिलबन्दी जमानत रकमको लागि राष्ट्रिय बाणिज्य बैंक शाखा कावासोतीमा रहेको धरौटी खाता नं. ३२००१००३०३००००३ मा जम्मा गर्नु पर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/१२/११ गतेको दैनिक लुम्बिनी

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट कर्जा लिने तपसिलमा उल्लेखित ऋणीहरुले ऋण लिँदा गरिदिएका लिखत र कर्जा सुविधा प्रस्ताव/स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम विकास बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा रकम म्यादभित्र चुक्ता भुक्तान नगरेको र विकास बैंकबाट पटक पटक लिखित तथा मौखिक तार ताकिता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र विकास बैंकमा तिर्नु बुझाउनु पर्ने कर्जाको सम्पूर्ण सावाँ, ब्याज तथा अन्य दै-दस्तुर समेत बुझाउनु हुन सम्बन्धित ऋणी र धितो जमानी दिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्तालाई सूचित गरिएको छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण कर्जा रकम विकास बैंकलाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले यस विकास बैंकबाट कर्जा लिँदाका बखत विकास बैंकलाई लेखिदिएको धितो र कथम कदाचित धितोबाट असुल उपर हुन नसके असुल उपर नभई बाँकी रहेको रकम ऋणी वा निजको एकाघर संगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति वा ऋण लिँदा जमानी दिनेको नाममा रहेको वा निजको हकको चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३,तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी विकास बैंकको लेना रकम असुल उपर गरिलिने तथा ऋणी, संचालक, प्रोप्राईटर, साझेदार, व्यक्तिगत तथा धितो जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालो सूची सम्बन्धी निर्देशन बमोजिम ऋणसँग सम्बन्धित अन्य पक्षहरुको तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गर्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि सूचित गरिएको छ।

**तपशिल**

### ऋणीको नाम र ठेगाना (शाखा कार्यालय सन्धिखर्क)

श्री ५ को सरकार,उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग वाणिज्य कार्यालय रुपन्देही ,भैरहवामा दर्ता रहेको प्रा.फा.न. १६७०८/०६२ मिति २०६२/०६/०५, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ३०२२३४२०८ मिति २०६४/०१/२४ मा दर्ता भई अर्घाखाँची जिल्ला सन्धिखर्क गा.वि.स. वडा नं. ६ स्थित **मन्त्री सुनचाँदी गहना पसल** प्रोप्राइटरको विवरणःटिकाराम सुनारको नाति, डिलाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्गला गा.पा वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **जिवलाल स्वर्णकार** (ना.प्र.नं. २३०९/२९१५, अर्घाखाँची, जारी मिति : २०४३/०९/२८)

### व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण

१. टिकाराम सुनारको नाति, डिलाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा न.-.०१, बस्ने **जिबलाल स्वर्णकार** (ना.प्र.पत्र नं.२३०९/२९१५ अर्घाखाँची, जारी मिति : २०४३/०९/२८)
२. डिलाराम सुनारको बुहारी, जिबलाल स्वर्णकारको पत्नी, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा न.-.०१, बस्ने **पार्वता स्वर्णकार** ( ना.प्र.पत्र नं. ५५९१/३९६१, अर्घाखाँची जारी मिति : २०५३/०४/०४)
३. दलविर सुनारको नाती, टिकाराम सुनारको छोरा , अर्घाखाँची जिल्ला वाङ्गला गा.पा वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **डिलाराम सुनार** (ना.प्र.पत्र नं.४२१५/२५९ अर्घाखाँची, जारी मिति : २०३३/१२/२६)
४. खिमानन्द भट्टराईको नाति, उमानन्द भट्टराईको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा न.-.०१, बस्ने **सिद्धी प्रसाद भट्टराई** (ना.प्र.नं. ४५५/५४९, अर्घाखाँची, जारी मिति : २०३७/१२/२०)
५. मतिलाल खनालको नाति, नरिश्वर खनालको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा न.-.०१, बस्ने **जनार्दन खनाल** (ना.प्र.नं. २०८५/२९४५, अर्घाखाँची, जारी मिति : २०४३/११/०८)
६. पुनाराम चुँदालीको नाति, बुद्धिराम चुदाली (पौडेल)को छोरा, अर्घाखाँची जिल्ला सन्धिखर्क गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **लेखनाथ पौडेल** (ना.प्र.नं. ७७०३/९४८, अर्घाखाँची, जारी मिति : २०५७/०४/०६)
७. डिलाराम सुनारको नाती, जिवलाल स्वर्णकारको छोरा , अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **सन्देश स्वर्णकार** (ना.प्र.नं. ४०-०१-७६-०४१४३, अर्घाखाँची, जारी मिति : २०७६/०७/२४
८. डिलाराम सुनारको नाति, जिवलाल स्वर्णकारको छोरा , अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **दिपेन्द्र स्वर्णकार** (ना.प्र.नं. ४०१००९/१२१९, अर्घाखाँची, जारी मिति : २०७९/०३/२०

### धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण

१. टिकाराम सुनारको नाति, डिलाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **जिबलाल स्वर्णकारको** नाममा मालपोत कार्यालय अर्घाखाँचीमा दर्ता श्रेस्ता कायम रहेको अर्घाखाँची जिल्ला खाँचीकोट गा.बि.स.वडा न. ०४ स्थित कि.न २३१५ र २२७३ को क्षेत्रफल ७७०.२२(वर्ग मि.) र ४-१२-०-० (रोपनी) र अर्घाखाँची जिल्ला अर्घा गा.बि.स.वडा न. ०७ स्थित कि.न ३५१७ , २२५८ , २१६४ र २२५९ को क्षेत्रफल ०-९-०-०, ०-२-१-०, ०-२-२-३ र ०-२-१-० (रोपनी )को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।
२. डिलाराम सुनारको बुहारी, जिबलाल स्वर्णकारको पत्नी, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **पार्वता स्वर्णकारको** नाममा मालपोत कार्यालय अर्घाखाँचीमा दर्ता श्रेस्ता कायम रहेको अर्घाखाँची जिल्ला अर्घा गा.बि.स.वडा न. ०७ स्थित कि.न १०५२ को क्षेत्रफल ०००८० (वर्ग.मि)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।
३. दलविर सुनारको नाती, टिकाराम सुनारको छोरा , अर्घाखाँची जिल्ला वाङ्गला गा.पा वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **डिलाराम सुनारको** नाममा मालपोत कार्यालय अर्घाखाँचीमा दर्ता श्रेस्ता कायम रहेको अर्घाखाँची जिल्ला अर्घा गा.बि.स.वडा न. ०७ स्थित कि.न २८४६ को क्षेत्रफल ०-१-०-१ (रोपनी )को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

### ऋणीको नाम र ठेगाना (शाखा कार्यालय नारायणगढ)

भरतपुर नगरपालिकाको कार्यालय भरतपुर चितवन दर्ता नं.३/८४ मिति २०६९/११/०९, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०१०३२५४३ मिति २०६९/११/०९ मा दर्ता भई चितवन जिल्ला भरतपुर न.पा. वडा नं. ०३ स्थित **आर. डी. ज्वेलर्स** प्रोप्राइटरको विवरणः समशेर बहादुर विश्वकर्माको नाति, हरि बहादुर विश्वकर्माको छोरा, चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०२ बस्ने अनिल बि.क. (ना.प्र.नं. ५४८/०४४, चितवन , जारी मिति : २०६०/०९/०४

### व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण

१. फन्त बहादुर वि.क.को नाति, समशेर बहादुर विश्वकर्माको छोरा, चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०६ बस्ने **हरि बहादुर विश्वकर्मा** (ना.प्र.नं. २०८, चितवन , जारी मिति : २०४६/०२/१८)
२. समशेर बहादुर विश्वकर्माको बुहारी, हरि बहादुर विश्वकर्माको श्रीमती, चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०६ बस्ने **सुमित्रा विश्वकर्मा** (ना.प्र.नं. २०७, चितवन , जारी मिति : २०४६/०२/०८)
३. समशेर बहादुर विश्वकर्माको नाती, हरि बहादुर विश्वकर्माको छोरा, चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०६ बस्ने **विर बहादुर वि.क**(ना.प्र.नं. ३५५४६/०४४, चितवन, जारी मिति : २०५६/१०/११)
४. हरि बहादुर विश्वकर्माको बुहारी, अनिल वि.कको श्रीमती, चितवन जिल्ला गितानगर गा.वि.स.वडा नं. ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०६ बस्ने **प्रमिला वि.क** (ना.प्र.नं. ३५-०१-७१-०६११५, चितवन, जारी मिति : २०७१/०६/२४)
५. हरि बहादुर विश्वकर्माको बुहारी, बिर बहादुर वि.कको श्रीमती, चितवन जिल्ला गितानगर गा.वि.स.वडा नं. ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०६ बस्ने **सिता विश्वकर्मा** (ना.प्र.नं. ३५१०२२/५६०, चितवन, जारी मिति : २०६८/०५/२९)

### धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण

फन्त बहादुर विश्वकर्माको नाति, समशेर बहादुर विश्वकर्माको छोरा, चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भइ हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०६ बस्ने **हरि बहादुर विश्वकर्मा**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला गितानगर गा.बि.स.वडा न. ०५ स्थित कि.न १३७४, १६६३, १६६१, १३७२, १३७० र १६६०, र को क्षेत्रफल क्रमश : ०-०-४-०, ०-०-०.७५-०, ०-०-०.७५-०, ०-०-२-०, ०-०-३.७५-० र ०-०-८.७५-० (बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सो ले चर्चेको लिगलगापातहरु समेत।

### ऋणीको नाम र ठेगाना (शाखा कार्यालय सिद्धार्थनगर)

सोहरत मु.को बुहारी, वदरुदीन मु.को श्रीमती, रुपन्देही जिल्ला वगाहा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने **जाहिदा खातुन** (ना.प्र.नं.३७३०२२/३१, रुपन्देही, जारी मिति : २०६३/१०/२८)

### व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण

१. सोहरत मु.को बुहारी, वदरुदीन मु.को श्रीमती, रुपन्देही जिल्ला वगहा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने **जाहिदा खातुन** (ना.प्र.नं.३७३०२२/३१, रुपन्देही, जारी मिति : २०६३/१०/२८)
२. बुधाई मुसलवानको नाति, सोहरत मु.को छोरा, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने **वदरुदीन मु**.(ना.प्र.नं.१६८५१, रुपन्देही, जारी मिति : २०३५/०२/०२)

### धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण

सोहरत मुसलमानको बुहारी, वदरुदीन मु.को श्रीमती, रुपन्देही जिल्ला वगाहा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भइ हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने **जाहिदा खातुन**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा न. १ ङ स्थित कि.न ९३९, ९४२ र ९४४ को क्षेत्रफल क्रमश : ०-१-०-०, ०-०-७-० र ०-०-३-० (बिघा )को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

### ऋणीको नाम र ठेगाना (शाखा कार्यालय पाताभार)

नेपाल सरकार,उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग बर्दियामा दर्ता रहेको प्रा.फा.न. ९५/२५८६/०७६/०७७ मिति २०७३/०६/०५, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०५१२५१६८ मिति २०७३/०६/०५ मा दर्ता भई बर्दिया जिल्ला पाताभार गा.पा वडा नं. ०९ स्थित **साजन टेलर्स** प्रोप्राइटरको विवरणः तिल्ल दमाईको नाति, सुक लाल दमाईको छोरा, बर्दिया जिल्ला पाताभार गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०२ बस्ने **चन्द्र बहादुर परियार** (ना.प्र.नं. ११३५०, बर्दिया, जारी मिति : २०५९/१०/२३)

### व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण

१. तिल्ल दमाईको नाति, सुक लाल दमाईको छोरा, बर्दिया जिल्ला पाता भार गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०२ बस्ने **चन्द्र बहादुर परियार** (ना.प्र.नं. ११३५०, बर्दिया, जारी मिति : २०५९/१०/२३)
२. सुक लाल दमाईको बुहारी, चन्द्र बहादुर परियारको श्रीमती, बर्दिया जिल्ला पाता भार गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०२ बस्ने **पावती परियार** (ना.प्र.नं. ६५३०२८/९५४, बर्दिया, जारी मिति : २०६३/११/१३)

### धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण

१. तिल्ल दमाईको नाति, सुक लाल दमाईको छोरा, बर्दिया जिल्ला पाताभार गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०२ बस्ने **चन्द्र बहादुर परियार**को नाममा मालपोत कार्यालय राजापुरमा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला पाताभार गा.बि.स.वडा न. ०३ स्थित कि.न १३६४ को क्षेत्रफल ०-०-४ (विघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।
२. सुक लाल दमाईको बुहारी, चन्द्र बहादुर परियारको श्रीमती, बर्दिया जिल्ला पाताभार गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०२ बस्ने **पावती परियार**को नाममा मालपोत कार्यालय राजापुरमा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला मनाउ गा.बि.स.वडा न. ०९ स्थित कि.न १३९४ को क्षेत्रफल ०-२-५ (विघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

### ऋणीको नाम र ठेगाना (शाखा कार्यालय राजपुर)

प्रदेश सरकार ५ नं. प्रदेश उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग , वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय दाङ्ग दर्ता भएको दर्ता नं. १२८६८/१४० मिति २०७६/०४/१६, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१११३२४२० मिति २०७६/०४/१९ मा दर्ता भई दाङ्ग जिल्ला राजपुर गा. पा. वडा नं. ०४ स्थित **सृजना फेन्सी स्टोर्स** प्रोप्राइटरको विवरणः सम्पत अहिरको बुहारी, शिवशंकर यादवको श्रीमती, दाङ्ग जिल्ला राजपुर गा.पा वडा नं. ०२ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला राजपुर गा.पा वडा नं. ०२, बस्ने **शुसिला यादव** (ना.प्र. नं. ५२-०६-७५-०५०१४, दाङ्ग जारी मिति : २०७५/१२/१७)

### व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण

१. सम्पत अहिरको बुहारी, शिवशंकर यादवको श्रीमती, दाङ्ग जिल्ला राजपुर गा.पा वडा नं. ०२ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला राजपुर गा.पा वडा नं. ०२, बस्ने **शुसिला यादव** (ना.प्र. नं. ५२-०६-७५-०५०१४, दाङ्ग जारी मिति : २०७५/१२/१७)
२. राजधनी अहिरको नाति, सम्पत अहिरको छोरा, दाङ्ग जिल्ला वेला गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला राजपुर गा.पा वडा नं. ०२, बस्ने **शिव शंकर यादव** (ना.प्र.पत्र नं.५२२००३/१६०३, दाङ्ग जारी मिति : २०७१/०२/२०)

### धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण

सम्पत अहिरको बुहारी, शिवशंकर यादवको श्रीमती, दाङ्ग जिल्ला राजपुर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला राजपुर गा.वि.स. वडा नं. ०२, बस्ने **शुसिला यादव**को नाममा मालपोत कार्यालय दाङ्गमा दर्ता श्रेस्ता कायम रहेको दाङ्ग जिल्ला मटेरिया गा.बि.स.वडा न. ०५ ख स्थित कि.न ७८० को क्षेत्रफल ३३८.६३ (वर्ग.मिटर)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सो ले चर्चेको लिगलगापातहरु समेत ।

**जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको छ ।**

**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.**

केन्द्रीय कार्यालयः
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

तिलोत्तमा गोल्ड कप :

# एपीएफ र चर्च ब्वायज सेमिफाइनलमा



बुटवल । बुटवलमा जारी २३औं तिलोत्तमा गोल्डकप नकआउट फुटबल प्रतियोगितामा विभागीय टिम सशस्त्र प्रहरी बलको एपीएफ क्लब र चर्च ब्वायज युनाइटेड विजयी हुँदै सेमिफाइनल प्रवेश गरेका छन् । एन्फा टेक्निकल सेन्टरको मैदानमा सम्पन्न पहिलो खेलमा रुपन्देही ११ लाई पराजित गर्दै एपीएफ सेमिफाइनलमा प्रवेश गरेको हो ।

एपीएफको जितमा क्लबका टिम क्याप्टेन हरि कार्कीले गरेको एकमात्र गोल निर्णायक बनेको हो । शनिबार नै भएको खेलको १७औं मिनेटमा कार्कीले गोल गरेर टिमलाई अग्रता दिलाएका थिए । तर दोस्रो हाफ शुरु भएसँगै हावाहुरीचलेपछि रोकिएको खेल आइतबार पूरा भएको हो । चार जना विदेशी खेलाडीसहित मैदानमा उत्रेको रुपन्देही ११ ले दोस्रो दिन भएको खेलमा गोल फर्काउन नसकेपछि प्रतियोगिताबाट बाहिरिएको छ । अब एपिएफले फाइनल प्रवेश गर्न संकटा र जर्जियन एफसी भारतबिच हुने खेलको विजेतासँग खेल्नेछ । खेलमा एपीएफका गोलकिपर विशाल गुरुङ प्लेयर अफ दी म्याचबाट पुरस्कृत भए ।

यस्तै आइतबार भएको प्रतियोगिताको दोस्रो खेलमा विभागीय टिम नेपाल पुलिस क्लबलाई टाइब्रकेरमा हराउँदै चर्च ब्वायज युनाइटेट सेमिफाइनलमा प्रवेश गरेको छ । निर्धारित समय र पेनाल्टी शुटआउट गोलरहित बराबरीमा टुंगिएको निकै प्रतिस्पर्धात्मक खेलमा टाइब्रेकरमा चर्च ब्वायज ४-३ गोलले ले विजयी भएको हो । योसँगै चर्च ब्वायजले सेमिफाइनलमा मच्छिन्द्र फुटबल क्लब र एडोर्न गडवाल स्पोर्टिङ क्लब भारतबिचको विजेतासँग खेल्ने आयोजक एन्फा रुपन्देहीका महासचिव हिमाल गौचनले जानकारी दिए ।

चैत १६ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमले नगद १२ लाख १२ हजार र उपविजेता टिमले ६ लाख, ६६ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

यस्तै विधागत उत्कृष्ट खेलाडीहरुलाई गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड र प्रशिक्षकलाई नगद ३१ हजार र कप तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल उपहार प्रदान गरिने प्रतियोगिताका सह-संयोजक सुजन पुनले बताए ।

प्रतियोगितामा भारतका दुई र नेपालका दुई विभागीयसहित ८ टिमले भाग लिएका छन् ।


हार्दिक बधाई तथा शुभकामना



**दीपा थान्जु**

कुमारी इम्पेक्स बुटवलका संचालक एवम् हाम्री छोरी/बहिनी दीपा थान्जु लायन्स क्लब अफ बुटवल लालीगुराँसको वर्ष २०२५/२६ को गरिमामय अध्यक्षमा चयन भएकोमा उनको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

कमल दीप श्रेष्ठ
कन्दरा होटल प्रा.लि.

महेन्द्र श्रेष्ठ
कस्तुरी फ्रिज घर

बुटवल

हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# आरम्भ चौतारी लघुवित्तद्वारा वित्तीय साक्षरता

बुटवल । आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड बुटवल शाखाको आयोजनामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ । संस्थाले वित्तसम्बन्धी जानकारी होस् भन्ने हेतुले बुटवल शाखामा रहेका सेवाग्राहीहरुलाई वित्तीय साक्षरता दिइएको हो । आरम्भ चौतारी लघुवित्तका बुटवल शाखा प्रमुख पवि पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नगरप्रमुख पाण्डेयले बोल्दै महिला दिदीबहिनीहरुमा क्षमता अभिवृद्धिका लागि उपमहानगरले विभिन्न तालिमहरु प्रदान गर्दै आएको बताउँदै महिलाहरु पनि आर्थिक रुपमा सबल बन्न आवश्यक रहेको बताए । उनले महिला दिदीबहिनीहरु विभिन्न तालिम प्राप्त गरी सक्षम र आत्मनिर्भर बन्न सकेमा पुरुषसँग सहयोग माग्न नपर्ने बताए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष विष्णु ढकाल, इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी ईन्द्र राना, आरम्भ चौतारी लघुवित्तका सञ्चालक पुष्पराज ढकाललगायतको आतिथ्यता रहेको थिए । लघुवित्तका लुम्बिनी प्रदेश कार्यक्रम अधिकृतहरु दीपा ज्ञवाली र भगवती खरेलले सहभागी करिब १ सय २० जनालाई प्रशिक्षण दिएका थिए ।

त्यस्तैगरी सेवाग्राहीहरु विमला प्रधान, सरिता खरेल र शर्मिला अधिकारी, समाजसेवी लक्ष्मी क्षेत्रीले आफ्नो धारणा राखेका थिए । सोही कार्यक्रममा विभिन्न सेवा केन्द्रका दिदीबहिनीहरुले लघुवित्तसम्बन्धी गीत प्रस्तुत गरेका थिए ।

कार्यक्रममा बोल्ने अधिकांश दिदीबहिनीहरुले बोल्दै लघुवित्तको आर्थिक सहायताले महिला दिदीबहिनीहरुलाई विभिन्न व्यवसाय सञ्चालन तथा आत्मनिर्भर बन्न सहयोग पुगेकोमा बताए । आरम्भ चौतारी लघुवित्तका लुम्बिनी प्रदेश कार्यक्रम अधिकृत भगवती खरेलको स्वागत मन्तव्यमा दीपा ज्ञवालीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । आरम्भ चौतारी लघुवित्तले लुम्बिनी प्रदेशको दाङ, ओमसतियाको ठुटेपिपललगायत विभिन्न जिल्लाहरुमा वित्तीय साक्षरता कार्यक्रम गर्दै आएको छ ।


सहकारीका गतिविधिबारे सचेत बनौं ।

-सहकारी कानूनको पालना गरौं ।
-गैर सदस्यताहरुसँग आर्थिक कारोबार नगरौं ।
-एक परिवारका एक भन्दा बढी सदस्य एकै पटक संचालक समितिमा नबसौं ।
-संचालकहरुलाई सहकारीको कर्मचारीको रुपमा नराखौं ।
-नियमित रुपमा सहकारी संस्थाको साधारणसभा र लेखापरीक्षण गराऔं ।
-सहकारी संस्थाको संचालन तथा कारोबारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं ।
-आफ्नो सहकारी संस्थाको गतिविधिबारे सदस्यहरु सचेत बनौं ।
सहकारी मूल्य मान्यताको पालना गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


सिद्धार्थनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रूपन्देही,
लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**सूचना नं.:** २/२०८१/०८२

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/१२/११)

यस नगरपालिकाको लागि देहायको पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध ) दिनभित्र (मिति २०८१/१२/२५ गते कार्यालय समयभित्र) राजश्व तिरेको रसिद संलग्न राखी रित पूर्वक कार्यालयको प्रशासन महाशाखामा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

विज्ञापित पदहरूको सक्षिप्त विवरण

| सि.नं. | विज्ञापन नं. | पदको नाम | सेवा/समुह | तह | माग पद संख्या | लिखित परीक्षा मिति |
|---|---|---|---|---|---|---|
| १. | ८/२०८१/०८२ | प्राविधिक सहायक | (ईन्जिनियरिङ्ग / सिभिल) ( प्रधानमन्त्री रोजगार कार्यक्रम) | पाँचौं | १ (एक) | २०८२/१/२२ गते दिनको २:०० बजे (प्रारम्भिक योग्यताक्रम सूचीमा पर्न सफल भएका उम्मेदवार मात्र) |
| २. | ९/२०८१/०८२ | सहायक कम्प्युटर अपरेटर | विविध | चौथो | १३ (तेह) | २०८२/१/२३ गते दिनको २:०० बजे |
| ३. | १०/२०८१/०८२ | कार्यालय सहयोगी | प्रशासन | तह विहिन | १३ (तेह) | २०८२ / १/२५ गते दिनको २:०० बजे |

**परीक्षाको किसिमः**

१. **प्राविधिक सहायक ईन्जिनियरिङ्ग / सिभिल (प्रधानमन्त्री रोजगार कार्यक्रम) को लागि** प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा ।
२. सहायक कम्प्युटर अपरेटर पदको लागि लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा ।
३. कार्यालय सहयोगीको हकमा लिखित र अन्तर्वार्ता परीक्षा ।

**परीक्षाको माध्यमः**- परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुनेछ ।

**दरखास्त दस्तुरः**- सहायकस्तर पाँचौं तहको लागि रु. १०००।- (एक हजार), सहायकस्तर चौथो तहको लागि रु. ७००।- (सात सय) र तहविहिनको लागि रु. ५००।- (पाँच सय) बुझाउनु पर्नेछ ।

**सेवा सुविधाः**- नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**उम्मेदवारको उमेरको हदः**- मिति २०८१।१२।११ गतेसम्म १८ वर्ष उमेर पूरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको तथा प्राविधिक सहायक पाँचौं तहको (ईन्जिनियरिङ्ग/ सिभिल) (प्रधानमन्त्री रोजगार कार्यक्रम) हकमा मिति २०८१।१२।११ गतेसम्म १८ वर्ष उमेर पूरा भै ४५ वर्ष ननाघेको ।

**पेस गर्नुपर्ने कागजातहरुः**- दरखास्त पेस गर्ने उम्मेदवारले जुन पदमा दरखास्त दिने हो उक्त दरखास्त निवेदनमा माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, ट्रान्सक्रिप्ट (विदेशी विद्यालयमा अध्ययन गरेको भए समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि), नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा काम गरेको भए सोको प्रमाण-पत्रको प्रतिलिपि, अन्य जिल्लाबाट रूपन्देही जिल्लामा बसाईसराई गरेको भएमा बसाईसराई प्रमाण-पत्रको प्रतिलिपि ।

**आवश्यक न्यूनतम योग्यताः**-

१. **प्राविधिक सहायक (प्रधानमन्त्री रोजगार कार्यक्रम) पदको लागिः**- सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको, कम्तीमा आधारभूत कम्प्यूटर सीप सम्बन्धी ३ महिने तालिम लिएको, पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्रयता दिइनेछ ।
२. **स्थानीय विविध सेवा, सहायक कम्प्युटर अपरेटर पदको लागिः** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त ।
३. **कार्यालय सहयोगी पदको लागिः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तीर्ण भएको ।

**परीक्षा केन्द्रः**- परीक्षा केन्द्र पछि तोकिनेछ ।

**नोटः**-

१. दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेभसाईट https://siddharthanagarmun.gov.np/ तथा नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । कुनै कारणवश दरखास्त पेस गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछि कार्यालय खुल्ने दिन आवेदन पेस गर्न सकिनेछ ।
२. ग्रेडिङ्ग प्रणाली लागु भए पश्चात एस. एल. सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA २ वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेकोलाइ न्यूनतम योग्यता पुरा भएको मानिनेछ ।
३. कार्यालयद्धारा तोकिएको म्याद भित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
४. लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । वस्तुगत प्रश्न मात्र हुने परीक्षाको उत्तरपुस्तिका OMR/Manual हुनेछ ।

पदपूर्ति समिति

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकासल तथा यातायात ब्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय,

नवलपरासि (वर्दघाट सुस्तापुर्व)
गण्डकी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८१ /१२/११)

यस कार्यालयबाट बिभिन्न मितिमा राष्ट्रिय दैनिकमा तथा https://bolpatra.gov.np/egp/मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सुचना वमोजिमबिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्कृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Congress chowk dekhi Jayshree Khola Nala Nirman, Gaindakot 4, Contract ID NO :IDO-NAW(BSE)-W-NCB-42-2081/82(re) | M/S G.D.S Construction, Bharatpur | 28,79,715.27 |

कार्यालय प्रमुख

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com